# संघीय संसद

# राष्ट्रिय सभा

# राष्ट्रिय सरोकार तथा समन्वय समिति

बैठक संखया: १०६

मिति: २०७८/१२/०८

समय: दिनको १:०० बजे

प्रारम्भ : १ : ०५ बजे

अन्त्य : २ : ४५ बजे

समितिको आज मिति २०७८/१२/०८ गते मंगलवार बसेको बैठकमा मित्रराष्ट्र चीन लगायत अन्य विभिन्न मुलुकमा चिकित्सा शिक्षा अध्ययन गर्न गएका नेपाली विद्यार्थीहरु कोभिड-१९ को कारण नेपालमा आएर हालसम्म पनि आफु अध्ययनरत विश्वविद्यालयमा जान नसकेको सन्दर्भमा सो को समाधानका लागि शिक्षा मन्त्रालयका सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रतिनिधि, परराष्ट्र मन्त्रालयका सचिव, चिकित्सा शिक्षा आयोगका पदाधिकारीहरु, नेपाल मेडिकल काउन्सीलका पदाधिकारीहरु तथा सरोकारवाला विद्यार्थीहरुसँग छलफल भई देहाय बमोजिम निर्देशन दिने निर्णय भयो :

१. मित्रराष्ट्र चीन लगायत अन्य वैदेशिक मुलुकमा चिकित्सा शिक्षामा (MBBS / Post Graduate) तहमा अध्ययन गर्न गएका नेपाली विद्यार्थीहरु कोभिड-१९ का कारण र केहि विद्यार्थीहरु छुट्टिमा नेपाल आएको र हालसम्म पनि आफु अध्ययनरत सम्बन्धित विश्वविद्यालयमा जान नसकेको कारणले विद्यार्थीहरुको भविष्य अन्यौलपूर्ण भएको हुनाले उक्त अध्ययनरत मुलुकमा फर्किएर सम्बन्धित विश्वविद्यालयमा नै उपस्थित भई अध्ययनलाई निरन्तरता दिने व्यवस्था गर्न सम्बन्धित मुलुकसँग कुटनीतिक पहल गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, परराष्ट्र मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देशन दिने ।

२. सम्बन्धित मुलुक फर्केर आफ्नो अध्ययनलाई निरन्तरता दिन पाउने अवस्था हालसम्म सुनिश्चितता हुन नसकिरहेको सन्दर्भमा सैद्धान्तीक कक्षा अध्ययन गरिसकेका विधार्थीहरुका सन्दर्भमा चिकित्सा शिक्षाको बाँकी कोर्ष, प्रयोगात्मक अभ्यास/ ईन्टर्नशीप नेपालमै पुरा गर्न सक्ने गरी आवश्यक व्यवस्था मिलाउन नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, चिकित्सा शिक्षा आयोग, नेपाल मेडिकल काउन्सीललाई निर्देशन दिने ।